हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




बर्ष : ०१ अंक : ५१ पृष्ठ : ४ २०७७ भदौ १९ गते शुक्रबार (Friday 4 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# सुगम नगर नगरपालिकाको दर्जनौं दुर्गम गाउँ

## चुरेक्षेत्रका गाउँमा खानेपानी, बिजुली, स्वास्थ्य समस्या

**सिरहा । तराई मधेसलाई सुगम जिल्ला भनेर चिनिन्छ । तर, त्यही तराई-मधेसकै समथर र सुगम जिल्ला 'सिरहा' को उत्तरवर्ती चुरे क्षेत्रका दुई दर्जन भन्दा बढी गाउँहरू विकट छन् । त्यहाँका बासिन्दालाई सरकारी सेवा-सुविधामा सहज पहुँच परेको कुरा । उनीहरूलाई खानेपानी, स्वास्थ्य, शिक्षा पाउन सास्ती नै व्यहोर्नु पर्छ । बाटो, बिजुलीको समस्या पनि उस्तै । तर, तिनै गाउँ सिरहाका नगरपालिका क्षेत्रमा पर्छन ।**





कर्जन्हा, मिर्चैया, गोलबजार, धनगढीमाई र लहान नगरपालिकाका उत्तरवर्ती चुरेक्षेत्रका गाउँहरू विकट छन् । उदयपुरको सीमामा जोडिएका ती गाउँहरू नगरमा त दरिए तर गाउँको अवस्था पहिला र अहिलेमा केही भिन्न छैन । त्यहाँका बासिन्दाहरू नुन तेलको जोहो गर्न पनि पूर्व-पश्चिम राजमार्गका बजारहरूमा आउँन वाध्य छन् । त्यही हाटबजारबाट दैनिक उपभोग्य वस्तुको खरिद बिक्री गर्छन् । बाटो नहुँदा हिडेरै आउनेजाने गर्थे । पछिल्लो समयमा केही गाउँसम्म कच्ची बाटो पुगेका छन् । ठाउँ-ठाउँमा खोला छन् । पुल नहुँदा उनीहरूलाई वर्षातको महिनामा आवतजावत ठप्प हुन्छ । खानेपानीको लागि उनीहरू चुरे डाँडाबाट कुवा खनेर, खोला र इनारको पानी प्रयोग गर्छन् । कर्जन्हा नगरपालिकाको वडा नम्बर १,२ र ४ का बैरबोनी, डाँडाटोल, पकरौटी, पश्चिमटोल र भुल्के गाउँहरूमा खानेपानी र बिजुलीको अभाव छ । वडा नम्बर १ का अध्यक्ष मोहन केसीका अनुसार स्थानीय तहमा जनप्रतिनिधि आएपछि बैरबोनी गाउँमा बिजुलीको पोल गाडिएको छ । गएको आर्थिक वर्षमा पकरौटी र भुल्के गाउँमा खानेपानीका लागि डिप बोरिङ जडान गरिएको छ । यही वडाका विकट गाउँमा गतवर्ष जिल्ला प्रशासन कार्यालयले घुम्ती शिविर मार्फत १ सय २० जनालाई नागरिकता वितरण गरेको वडाध्यक्ष केसीले बताए ।

मिर्चैया नगरपालिकाको वडा नम्बर ७, ८ र ९ (साबिक फुलबरिया गाविस)मा पनि बिजुली र खानेपानीकै अभाव छ । वडा नम्बर ९ का देउराली गाउँमा राई, मगर, सुनुवार, तामाङ्ग र माझी जातीको ४०/४५ घर सुकुम्बासी बस्ती छन् । यो बस्तीमा गएको वर्ष बिजुली पुग्यो । तर, यस बस्तीका वासिन्दाको खानेपानी, स्वास्थ्य, शिक्षाको समस्या उस्तै छ । गाउँबाट ४० मिनेट हिँडेर जाँदा कक्षा ५ सम्म पढाई हुने आधारभुत विद्यालय छन् । कक्षा ५ सम्म पढेकाबाहेक २ जनाले मात्रै गाउँभरिमा एसईईसम्म पढेका छन् । माथिल्लो कक्षा पढ्न टाढा जानुपर्दा गाउँमा कोही पढाईप्रति आकर्षित नभएको स्थानीय देबकुमार राईले सुनाए ।

गाउँमा स्वास्थ्य चौकी छैन् । बालबालिका खोपबाट बञ्चित छन् । 'गर्भवती हुँदा साह्रै दुःख पाए,' देउरालीकी बेलकुमारी राईले भनिन्, 'नजिकमा स्वास्थ्य चौकी नभएर खोप लगाउन १२ किलोमिटर गोलबजार पुग्नुपर्थ्यो, सवारी साधन नहुँदा हिडेरै जानुपर्थ्यो ।' दुई वर्षयता गाउँसम्म मोटरसाइकल, अटोरिक्सा पुग्न थालेको उनले सुनाईन् । यो गाउँका वासिन्दाले खानेपानीको लागि घुर्मी खोलामा कुवा खनेका छन् । बाढी आउँदा धमिलो पानी हुँदा समस्या भोग्नु परेको उनले बताईन् । उनका अनुसार चुरेडाँडाबाट कुलो बनाउँदा थोरथोरै पानी आउने गर्छ ।

'भोट आउँदा नेताहरू घर घर आउँछन्,' मनमाया क्यापछाकीले भनिन्, 'त्यसपछि कहिल्यै गाउँमा स्थानीयको समस्या बुझ्न नेताहरू आउँदैनन् ।' उनका अनुसार वृद्ध भता बुझ्न बजार धाउँदा भताको आधि रकम त्यसमै खर्च हुन्छ । मिर्चैया नगरपालिकाले विकट गाउँमा सेवा पुऱ्याउन थालेको जनाएको छ । गएको आर्थिक वर्षमा बिजुली नपुगेका गाउँमा बिजुली पुगाएको र खानेपानीको अभाव खेपिरहेको वासिन्दाका लागि पनि खानेपानीका योजनाहरू जडान गरिरहेको नगरपालिकाले जनाएको छ ।

गोलबजार नगरपालिकाको वडा नम्बर १० का धोवियाधार र घुर्मीघाट गाउँ चुरेक्षेत्रमै पर्छ । यी गाउँहरूमा खानेपानी, बिजुली, बाटोको समस्या छ । यसैगरि यही नपाका वडा नम्बर ९,३,२ र १ का गोविन्दपुर, पुरणडिह, मुक्सार, मुसर्हिनियाँ गाउँका वासिन्दाहरूले खानेपानीको अभाव अझैपनि झेल्दै आएका छन् । धेरैजसो स्थानमा नगरपालिकाले खानेपानी पुऱ्याइसकेको छ ।

धनगढीमाई नगरपालिकाको १३ र १४ नम्बर वडाका सर्रे, अम्बास,

बाँकी ३ पेजमा

# कांग्रेसको सूचना, सञ्चार तथा प्रचार विभाग विस्तार

**लहान** । कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टीको सूचना, सञ्चार तथा प्रचार विभाग विस्तार गरेका छन् ।

सभापति देउवाले बुधबार विभाग विस्तार गरेका हुन् । विस्तारित विभागमा सञ्चारसँग आवद्धलाई समावेश गरिएको छ । सूचना विभागको संयोजकमा कांग्रेसका प्रवक्ता विश्वप्रकाश शर्मा छन् ।

४८ सदस्यीय विभागको उपप्रमुखमा डा. सुरेश आचार्य, सचिवमा दिनेश थापामगर र सदस्यहरूमध्ये सिरहा क्षेत्र नम्बर १ (क) प्रदेश सभा सदस्यका प्रत्यासी सन्तोष कुमार चौधरी लगायत अधिकांश सञ्चारकर्मी पृष्ठभूमिका छन् ।

विस्तारित विभाग नेपाल पत्रकार महासंघका पूर्व सभापति सुरेश आचार्य, नेपाल प्रेस युनियनका पूर्वअध्यक्ष समीरजंग शाह, वरिष्ठ कलाकार नीर शाह, नन्दकृष्ण जोशी वरिष्ठ पत्रकार कन्हैयालाल केशरी समेटिएका छन् ।

त्यसैगरि सदस्यहरूमा गोबर्धन राना मगर, बजरंग नेपाली, युवराज गिरी, जितेन्द्र यादव, बिमल ठकुरी, हेमन्त कर्माचार्य, गोविन्द कोइराला, विजय सम्बाहाम्फे लिम्बु, डा. अञ्जनी झा, गोपाल झा, मीन बहादुर भाम, विष्णुमणि घिमिरे, प्रफुल्ल घिमिरे, अञ्जना अर्याल, दिपेश विष्ट, रामकाजी गुरूङ, रामचन्द्र घिमिरे लगायत छन् ।

# 'हत्यामा दोषी प्रहरीलाई जागिरबाट हटाइनुपर्छ' : मुख्यमन्त्री राउत

**लहान** । रौतहटमा हत्या गरिएका निरञ्जन राम र विजय रामको परिवारलाई भेट्न पुगेका प्रदेश २ का मुख्यमन्त्री राउतले हत्यामा संलग्न प्रहरी दोषी देखिए निलम्बन नगरी जागिरबाट हटाउनुपर्ने बताएका छन् ।

विजय रामको हत्या हिरासतमै गरिएको जिकिर गर्दै उनले दलितमाथि भइरहेको घटनाको छानविनका लागि प्रदेश सरकारले समिति बनाएको र दोषी कोही पनि उम्किन नपाउने विश्वास दिलाए ।

आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादबले रौतहटका निरञ्जन राम, विजय राम, एक पुजारी र एक महिलाको हत्यामा संलग्न सबै दोषीलाई कारबाही हुने बताए । उनले दोषी जहाँ लुकेको किन नहोस्, सबैलाई खोजेर प्रदेश सरकारले कारबाही गरेर छाड्ने बताए ।

निरञ्जन रामको हत्यामा संलग्न रहेको अभियोगमा

बाँकी ३ पेजमा

भित्री पृष्ठमा
राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति
पेज २ मा
छोरी नै छोरी पाएपछि
पेज ३ मा
स्थानीय सरकारका कार्य
स्तम्भ : पालिका बहस
पेज ४ मा



फ्रेन्डस मोडल हसिपटल, लहान-३
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## दलितमाथि भइरहेको श्रृंखलावद्ध हत्याका दोषीलाई कारबाही गर

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको १२ वर्ष भयो । राजनीतिक रुपमा गणतन्त्रका थुप्रै उपलब्धी छन् । संरचनागत परिवर्तन भएका छन् । परिवर्तन नै नभएको होइन परिवर्तन भएका छन् । तर, नेपालका १३ प्रतिशत जनसंख्या भएको दलित समुदायले अपेक्षा गरेको गणतन्त्रमा विदेरहित र सम्मानित जीवनको सपना पूरा भए त भन्नेबारे घोत्लिनुपर्ने अवस्था आएको छ ।

तर अपेक्षा गरेको सपनाको विपरित दलित दिनदिनै विभेद, धम्की, हत्या र अत्याचारका शिकार भइरहनुपरेको छ । रुकुमको चौरजहारीमा दलितमाथि भएको नरसंहार होस् वा रुपन्देहीमा अन्तरजातीय विवाहका कारण भएको हत्या, प्रदेश २ मा विभिन्न बहानामा भएका १३ जनाको हत्या घटनाले समानता, न्याय र स्वतन्त्रताको नै हत्या गरेको छ । दलितको आत्मसम्मानको खिल्ली उडाएको छ । यी घटनाक्रमलाई नियालेर हेर्ने हो भन्नैपर्छ दलितले गणतन्त्रको अनुभूति समेत गर्न पाइरहेका छैनन् ।

नेपालमा भएका हरेक राजनीतिक संघर्षमा दलितले बलिदानी दिएका छन् । राजनीतिक संघर्षमा दलितले बलिदानीको अर्थ राजनीतिक रुपमा गणतन्त्रको विकासको बाधक, सामाजिक रुपान्तरणको सबैभन्दा परम्परावादी जड शक्तिमा रुपान्तरण गर्नु पनि थियो । तर सत्तामा पुगेपछि उनीहरुका बलिदानीलाई बेवास्ता गर्न मिल्छ ? दलितले अधिकार उपभोग गर्ने वातावरण बन्यो कि बनेन भनेर हेर्ने हो भने त्यस किसिमको कुनै परिवर्तन भएको देखिँदैन ।

धनुषामा एक बालिका बलात्कृत पछि हत्या घटना सार्वजनिक भएको छ । धनुषामात्र होइन लकडाउनकै अवधिमा दलितहरुमाथि देशभरि श्रृंखलावद्ध हत्या घटना भएका छन् । तर सरकार कारबाहीमा उदासीन देखिन्छ । जसले गर्दा दलितहरुमाथिको हत्या श्रृंखला रोकिनुको साटो झन बढ्दो छ । प्रदेश २ मै १३ जना दलित विभिन्न घटनामा मारिएका छन् । रुकमको जाजरकोट भेरी नगरपालिका–४ रानागाउँका २१ वर्षीय नवराज विश्वकर्मा सामूहिक हत्या र धनुषामा प्रहरी हिरासतमै शम्भु सदाका हत्या भएको थियो । यो जघन्य अपराध क्षम्य हुँदैन ।

पछिल्लो समयमा प्रदेश २ मा एकपछि अर्को भएको दलित सम्बन्धि घटनाहरुबारे छानबिन गर्न प्रदेश सरकारले समिति गठन गरेको छ । पछिल्ला घटनाहरुबारे छानविन गरि समितिमा प्रतिवेदन पेश गर्न आन्तरिक मामिला मन्त्रीको संयोजकत्वमा ५ सदस्यीय समिति गठन गरेको छ । रौतहट लगायतको घटनाहरु बारे छानविन गर्न १५ दिन समय सिमा दिइएको उक्त समितिमा प्रमुख प्रतिपक्षी दल नेकपाका सचेतक एवं अनुगमन समितिका सदस्य समेत रहनु भएका सुन्दर विश्वकर्मा, प्रदेश सभा सदस्य सुनिता देवी मोची, प्रमिला देवी दास र प्रदेश प्रहरीका प्रमुख सदस्य सचिव रहेका छन् । समितिले तदारुकताका साथ प्रतिवेदन सार्वजनिक गरि दोषी कानुनी कठघरामा उभ्याउन सक्नुपर्छ । अनि मात्र दलित समुदायप्रति सम्मान हुनेछ ।

त्यसैगरि बैठकले लकडाउनमा खाना नपाएर मृत्यु भएका सप्तरीका मलर सदा र विराटनगरमा उपचारको रकम तिर्न नसकी अस्पतालमा बन्धक बनेका भुटनी देवीका परिवारलाई १ लाख ५० हजारको दरले आर्थिक सहयोगका लागि प्रदेश सरकारमा सिफारिस गर्ने निर्णय समेत गरेको छ । रौतहटमा हत्या भएका निरंजन राम र मित्रा देवी बैठाको परिवारलाई समेत आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको छ । यो प्रदेश सरकारको सह्रानीय कदम हो । यस्तैगरि दलितमाथि भइरहेको श्रृंखलाबद्ध हत्या र बलात्कार घटनाका दोषीलाई कारवाही गर्न ढिलाई गर्नुहुँदैन ।

भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

-: जनहितका लागि :-

हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
लहानपोस्ट
LAHANPOST DAILY

# राष्ट्रनिर्माणका सन्दर्भमा क्रान्ति

## बिपी कोइराला राजनीतिक अभिलेख

*अघिल्लो अंकको बाँकी*

राष्ट्रियता भनेको त्यस्तो जनशक्ति हो, त्यसको जोहो गरेर समाजको आधुनिकीकरण, नयाँ आर्थिक व्यवस्थाको स्थापना, नयाँ समाजको निर्माण र सर्वाङ्गीण उन्नति गर्न सकिन्छ । राष्ट्रियताको भावनाले ओतप्रोत भएका नागरिकहरू देशको उन्नतिका लागि हरकिसिमको त्याग र तपस्या गर्न तत्पर हुन्छन् । नयाँ समाज बनाउनु सजिलो कुरा होइन । राष्ट्रियताले जनशक्तिको विकास गराउँछ र त्यस जनशक्तिबाट ठूला–ठूला सुधारका काम सम्पन्न हुनसक्छन् । राष्ट्रियताको ऐतिहासिक महत्व यही हो । राष्ट्रियताले एउटा ठूलो जनसमूहलाई आफ्नो देशको पुनर्रचना गर्न ठूलो प्रेरणा दिने ऐतिहासिक कार्य गर्छ । देशका तमाम नागरिकहरू जबसम्म म, मेरो परिवार, मेरो गाउँ र घर–खेत भन्ने सङ्कीर्ण भावनाभन्दा माथि उठेर सामूहिक रूपबाट हाम्रो देश, हाम्रो विकास, हाम्रो उन्नति भन्ने आदर्शले प्रेरित हुँदैनन् तबसम्म नयाँ नेपाली समाज पनि बन्न सक्दैन । यो काम राष्ट्रिय भावनाले गर्दछ । तसर्थ, हामीलाई वर्तमान ऐतिहासिक घडीमा नेपाली राष्ट्रिय भावननाको ठूलो खाँचो छ । तर, अहिले नेपालमा राष्ट्रिय भावना दुर्बल छ । प्रजातान्त्रिक पक्षलई मजबुत बनाएर मात्र यसलाई सुदृढ बनाउन सकिन्छ ।

देश सबैको साझा हो । राजनीतिको सञ्चालन तथा शासनव्यवस्थामा देशका सबै देशबासीहरूको हिस्सा छ । देशको राजनीतिक संस्थाहरूमा सबैको स्वार्थ निहित हुनुपर्छ भन्ने प्रजातान्त्रिक पद्धतिको विकास भएपछि राष्ट्रियता भावनाको पनि विकास हुन्छ । देश एउटा व्यक्तिको पेवा, शासन एउटा व्यक्तिको हुकुम, पल्टन र प्रहरी एउटा व्यक्तिको नोकर हुने ठाउँमा राष्ट्रियताको जरो निस्कनै सक्दैन ।

राष्ट्रियता प्रजातन्त्रको मलजलमा हुर्किन्छ । प्रजातन्त्र र राष्ट्रियता अन्योन्याश्रित हुन्छन् । त्यस्तै, आधुनिकीकरणको मुख्य कारण र प्रमाण रहेको आर्थिक विकास पनि राष्ट्रियता र प्रजातन्त्रमा गाभिन पुगेको छ । आर्थिक विकासको अर्थ कतै एउटा बाटो र कतै एउटा कारखान खोल्नु मात्र होइन । त्यो विकासप्रति सम्पूर्ण जातिको चाख र जाँगरको प्रतिफल हो । अहिले तमाम देशबासीले विकासको कठिन बाटोमा कम्मर कसेर हिड्नुपरेको छ । त्यो राष्ट्रियताको देन हो र राष्ट्रियताको देन हो र राष्ट्रिता भने प्रजातन्त्रको देन हो । पहिले आर्थिक प्रश्नलाई राजनीतिबाट पृथक राखेर राजाको तानाशाही व्यावस्थाको समर्थन गर्ने नेपालका अर्थशास्त्रीहरूले पनि आजकाल उपयुक्त राजनीतिक व्यवस्था आर्थिक विकासका लागि पनि आवश्यक छ भन्ने कुरा बुझ्न थालेका छन् । यसरी समस्यालाई गहिरिएर हेर्ने कोशिस गर्‍यौं भने हामीलाई यो कुरा बुझ्न गाह्रो पर्दैन । राष्ट्रियता र प्रजातन्त्र जसरी अन्योन्याश्रित छन्, त्यसरी नै राष्ट्रियता, आर्थिक विकास र प्रजातन्त्र पनि एउटा अर्कामा आश्रित छन् ।

यति भनिसके पछि, अब क्रान्तिको के महत्व छ भन्ने प्रश्न उठ्छ । यस सन्र्दभमा प्रजातन्त्रको स्थापनाका लागि क्रान्ति अनिवार्य भएको छ र प्रजातन्त्र नभई वर्तमान युगमा राष्ट्रियताको विकास सम्भव छैन भन्ने पनि स्थापित भइसकेको छ भनेर पहिल्यै चर्चा गरिसकिएको छ । किताबी ज्ञानबाट न नेपालका समस्यालाई बुझ्न सकिन्छ, न त्यसको समाधान झिक्न नै सकिन्छ । त्यसका लागि व्यावहारिक तथा अनुभवमुलक मौलिक दृष्टिकोण दिनुपर्छ । क्रान्ति भनेको किताबी ज्ञानको वस्तु होइन । यो न तर्कशास्त्रको विषय हो, न नैतिक प्रश्न नै हो । यो त्यस्तो प्रश्न हो, जसको सम्बन्ध ऐतिहासिक शक्तिसँग छ । नेपालमा इतिहासको वेग कुन दिशापट्टि उर्लिदै छ ? राजनीतिक–सामाजिक–आर्थिक क्षेत्रमा जस्ता चहल–पहल, उत्सुकता, आकाङ्क्षा देखा परेका छन्, तिनका सम्बन्धमा जस्ता–जस्ता प्रश्नहरू उपस्थित भइरहेका छन्, ति सबै इतिहासका सूक्ष्म पदचिन्ह हुन् । हामीले ति सबैलाई शृङ्खलामा बाँधेर तिनको विवेचना गर्न सक्यौं भने इतिहासको दिशालाई पहिल्याउन सकिन्छ । यी सब कुराको विवेचना गर्दा इतिहाप्रति हाम्रो कस्तो कर्तव्य छ भन्ने स्पष्ट हुन्छ । अर्को शब्दमा, यसबाट 'इतिहासले नेपाली समाजबाट के आशा गरेको छ ? हामी नेपालीहरूले कस्तो प्रकारको ऐतिहासिक जिम्मेवारी बेहोर्नुपरेको छ ?' भन्ने प्रश्नको उत्तर प्राप्त हुन्छ ।

प्रजातन्त्रवादीहरूले आफ्नो जिम्मेवारी स्पष्ट बुझिसकेका छन् । उनीहरूलाई उनीहरू इतिहासबाट सञ्चालित यन्त्र हुन् भन्ने स्पष्ट ज्ञान छ । प्रजातन्त्रवादीहरूको यो मान्यता भनेको इतिहासको विश्लेषणत्मक अध्ययनमा आधारित छ । एउटा समाजले कसरी प्रगति गर्दछ, समाजलाई अगाडि बढाउनसक्ने प्रगतिका ऐतिहासिक शक्ति कस्ता छन् ? कुनै समाज भने किन उन्नतिको पथमा अग्रसर भइरहेको हुन्छ ? कुनै अर्को समाज भने झन ह्रासोन्मुख भएर इतिहासको पानाबाटै अस्तित्व–लोप हुन्छ ? इतिहासको क्रम सञ्चालित हुनका लागि समाजमा त्यस्तो सजीव तत्व हुनुपर्छ, हामी त्यसलाई सामाजिक शक्तिको संज्ञा दिन सक्छौं । ती तत्वहरूको अभावमा इतिहासको कमानी व्यर्थमा सञ्चालित भएजस्तो हुन्छ । त्यस अवस्थामा निर्जीव समाजको यन्त्र चालु हुँदैन । त्यस्ता तत्वहरूमा सबभन्दा पहिलो तत्व समाजको स्वतन्त्र अस्तित्व र स्वतन्त्र सामाजिक व्यास्था हो । समाजका सदस्यहरूलाई आफ्नो विशिष्ट अस्तित्वको बोध हुनुपर्छ । अर्थात् हाम्रो समाजमा नेपाली समाजकै स्थापना हुनुपर्छ । दुर्भाग्यवश, त्यो अझै राम्ररी विकास हुन सकेको छैन । २००७ को क्रान्तिले यस ऐतिहासिक क्रमलाई शक्ति प्रदान गरेको थियो । त्यसभन्दा पहिले नेपालको समाज आपसमा बाँडिएका विभिन्न जाति, वर्ग, वर्ण र सम्प्रदायहरूको समूह थियो । त्यसलाई नेपाली भन्ने भावनाले एकसुत्रमा बाँधेको थिएन । २००७ को क्रान्तिको मुख्य लक्ष्य प्रजातन्त्रको स्थापना थियो, राष्ट्रिय एकता वा नेपालीहरूको स्थापना यसको प्रस्ट उद्देश्य थिएन । तर, प्रजातन्त्रको सङ्घर्षमा स्वतः र बडो स्पस्ट रूपले नेपाली भन्ने भावनाको उदय भयो । यो सङ्घर्ष सानो अवधिको रह्यो । तर, राष्ट्रिय भावनाले त्यस अवधिभत्रै बडो अद्भूत रूप लियो । यस सङ्घर्षको क्षेत्र प्रयः नेपालराज्यभरि फैलिएको थियो । नेपालका यावत् जातिका प्रतिनिधि व्यक्तिहरूले यस सङ्घर्षमा भाग लिएका थिए । त्यसबेला राष्ट्रलाई सम्बोधित गरेर उत्साहवर्द्धक गानाहरू रचिए र गाइए । क्रान्तिकारीहरूले कहिल्यै पनि नसुनिएको नारा 'जय नेपाल' लाई नपालको वायुमण्डलमा गुन्जाए । राणा तानाशाही व्यवस्थाले जनताको स्वभाविक र प्राकृतिक भावना प्रकट हुन दिएको थिएन । त्यस तानाशाही व्यवस्थाविरूद्धको आवाज कुनै क्षेत्रीय आवाज थिएन, कुनै जातिविशेषको आवाज थिएन, एउटा राजदरबारको आवाज थिएन । त्यो आवाज त राष्ट्रको आवाज थियो । २००७ सालमा नेपालको इतिहासमा सर्वप्रथम जनताको सामूहिक आवाज गड्कियो । एउटा सशक्त राष्ट्रिय स्वर जनताको सामूहिक कण्ठबाट उद्घोषित भयो । प्रजातन्त्रको लागि २००७ सालको क्रान्ति भयो । यसले राष्ट्रिय चेतना पनि जगायो । यसबाट नेपालको सन्दर्भमा प्रजातन्त्र र राष्ट्रियताको एउटै मूल स्रोत छ भन्ने प्रस्ट हुन्छ । राष्ट्रियता र प्रजातन्त्रको उद्गम उपयुक्त समयको प्रतीक्षामा जनमानसमा अडिएर बसेको भावनाको एउटै थलोबाट भएको हो । ***क्रमश :***

## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं । ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

# आर्थिक अवस्थाको मापनबाट वर्गीकरण भएको समाज

## गाउँघर
### राजकुमार राउत

नेपाली समाज आर्थिक कारणले विशेषगरि विभाजित र वर्गीकृत भएको हामी सबैलाई जानकारी भएको कुरा हो । पारदर्शीरूपमा सबैले थाहा पाएको अवस्था अनुसार हामीले अपनाएको जीवनस्तर, रहनसहन अर्थसँग सम्बन्धित क्रियाकलापहरू नै हुन् ।

समाजको आर्थिक हिसाबले सबैभन्दा टीठलाग्दो र सीमान्तकृत अवस्था भनेको अति निम्न वर्ग हुन । अति निम्नवर्गमा हिमाल, पहाड, तराई नै किन नहोस जसको आफ्ने बस्ने थातथलो र थातथलोका लागि एक टुक्रा जग्गा पनि हुँदैनन् तिनीहरू अति निम्नवर्गमा दरिन्छन् । अरूको दयामायामा २/४ धुर जग्गामा घर बनाएको हुन्छ, जुन जग्गाको स्वामीको हुकुममा जुनसुकैबेला पनि उसले खाली गर्न बाध्य हुनुपर्छ । अति निम्न वर्गका मानिसहरू चाड पर्व बाहेक परिवारको हरेक व्यक्तिले पेटभरि अन्न खान पाएको हुँदैन ।

वास्तविकता के हुन्छ भने संकटको बेला जस्तै ठूलो झरी नै परेको किन नहोस, आँधी बेहरीको दिनमा साह्रै चर्को घाम लागेको दिन नै किन नहोस काम गर्न नसक्दा १/२ किलो चामलको भात ७/८ जनाको परिवारमा बाँडीचुँडी खाने सम्मको नियत्ती हुनजान्छ । तर तिनैले आडम्भरी कहिले पनि लुगा हाल्न पाएका हुँदैनन् । त्यस्तो परिवारको महिलाहरूको चोलो, फरिया, साडी इत्यादि वस्त्रहरू अर्ध च्यातिएको हुन्छ । नयाँ लुगा फेर्न दशैंलाई पर्खेर बस्न विवश हुन्छन् । ठूलो चाड पर्वको समयमा मात्र ऋण काँढेर वा जोहो गरेर राखेको सानो आर्थिक रकम कलमबाट अति निम्न स्तरीय लत्ता कपडा हाल्न पाएका हुन्छन् ।

निम्न वर्गकाहरूको ६/७ कठा जग्गाजमिन सम्म हुन्छ । जसबाट दु:खजिलो जसोतसो पेट भर्ने काम मात्र हुन्छ । ती वर्गसँग बचत २/४ सय आनासुकि पनि हुँदैन । रीति रिवाज न्वारान, व्रतबन्ध, साधारण पूजाआजा समेतमा अरूको मुख ताक्नुपर्ने अवस्था वा अरूसँग ऋण सापटी खोज्नुपर्ने हुन्छ । मुश्किलले घरद्वार व्यवस्था गरि सालभरि जेनतेन गुजारा चलाउँछन् । छोराछोरी पढाउन धौ धौ मानेको हुन्छ । सरकारले खाजा दिने, लुगा दिने, पढाइ खर्च दिन किताब कपी कलम हालिदिने पर्ने अवस्था उनीहरूको हुन्छ । उनीहरूको आर्थिक हैसियत त्यही सम्पत्तिको नाउँमा भएको ६/७ कट्ठा जग्गाले मापन हुन्छ ।

निम्न मध्यम वर्गीय जोसँग, तराई मधेसमा १ देखि डेढ बिघा जग्गा हुन्छ । २ वटा घर १/२ थाना गाईवस्तु, केही बाख्रा पाल्ने रआफ्नो जीवन धान्ने जसोतसो उपाय अपनाएको हुन्छ । घर व्यवहार गर्न, खर्च धान्न, रीति रिवाज र गर्जो टार्न घरबाट नै सम्भव भए पनि तामझामको सोंच उसको कल्पनामा मात्रै सीमित हुन्छ ।

मध्यम वर्ग जोसँग ३/४ विघा जग्गा हुन्छ । वर्षभरिमा ६० देखि २०० क्विन्टलसम्म



अनाज उत्पादन गरि आफ्नो आर्थिक समस्याबाट पार पाइरहेको हुन्छ । उनीहरूको छोरा छोरी घरमा अथवा खेतमा काम गर्न चाहिरहेका हुँदैनन् । उनीहरू आफैमा सम्पन्न भनी मख्ख परेका हुन्छन् तर कुनै समस्या आईलाग्दा सम्पत्ति बेच्नु बाहेक अर्को उपाय उनीहरूसँग पनि हुँदैन ।

उच्च वर्ग १० देखि १५ विघा जग्गा भएको वर्ग हो । जसले वर्षमा १००/२०० क्विन्टल धान र अरू अनाज बिक्री गरी केही मात्रामा १०/१५ लाख आर्थिक रकम संचित गरेका हुन्छन् तिनीहरूको शहर बजारमा केही कारोबार पनि हुन्छ । उनीहरू बजारसँग प्रत्यक्ष जोडिएका हुन्छन् । ट्रयाक्टर, गाडीघोडा, ईंटा भट्टा, कुनै कारखाना, घर घडेरी चाहिने मात्रामा हुन्छ र तिनीहरूले समाजमा केही मात्रामा आर्थिक प्रभाव पारेको हुन्छ । तिनीहरूको रहन सहन उच्च स्तर कै हुन्छ । शहर बजारमा घर देखि कार गाडी चढ्ने हैसियतका हुन्छन् र बैंकमा पनि चाहिने जति आवश्य रकम संचित गरेका हुन्छन् ।

र, सर्वोपरी भनेको अति उच्च आर्थिक वर्ग हुन् जसको नेपालका स्तरीय शहरहरूमा आलिशान महल, बस, जीप, ट्रक, कारखाना, हेलिप्याड, जहाज इत्यादि हुन्छ र तिनीहरूले पूरै राष्ट्र एवं राज्यलाई आफ्नो आर्थिक ताकत्तले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा पूर्ण प्रभाव पारेको हुन्छ । जसले राज्यसत्तालाई आफ्नो इशारामा हिडाउने गरेका हुन्छन् । राज्यको अति उच्चतम ठेक्कापट्टा फ्याक्ट्री, आयश्रोत सरकार र राज्यसँगको पहुँच तथा राज्य र सरकारलाई नचाई रहेका हुन्छन् । विनोद चौधरी, उपेन्द्र महतो, सूरज बैध, चण्डीराज ढकाल, गोल्छा अर्गनाइजेशन, दूगड लगायत प्रत्यक्ष उदाहरण र नमूना छन् ।

तसर्थ, समाज रहेका हरेक पाटालाई मध्येनजर गरि राज्य र सरकारले आउने समयमा सन्तुलन मिलाउनको लागि अति निम्न वर्ग देखि आर्थिक अवस्थाको चरम मारमा रहेका विपन्न तथा संकटग्रस्त वर्गलाई त्राण र उत्थानको बाटो अपनाइ समस्त नेपालीको कल्याण र भलाइको सोंच अनुसार कार्य गर्नु बुद्धिमानी र श्रेयकर हुनेछ । जसबाट समाज आर्थिकरूपमा विभाजित हुनबाट जोगिन सकोस । समाजका हरेक वर्गले आत्मसम्मान पाउन सकोस । अविभाजित सम्मुनत समाजको निर्माण होस । अस्तु ।

## सुगम नगर ...

खुट्टी, मडाइन, चकमके, झालटारलागतयका आधा दर्जन गाउँहरू चुरेक्षेत्रमा पर्छन् । ती दुर्गम गाउँहरूमा खानेपानी, बिजुली र स्वास्थ्य समस्याहरू छन् । स्थानीय तहबाट गएको आर्थिक वर्षमा वडा नम्बर १४ मा पाँच वटा बोर्डिङ्ग खानेपानीका जडान गरेको छ । नगरपालिकाले ती क्षेत्रमा स्वास्थ्यमा पहुँच पुर्‍याउन खुट्टी गाउँमा शहरी स्वास्थ्य किल्निक पनि सञ्चालनमा ल्याएको छ । त्यहाँका गाउँघरमा कच्ची बाटोसम्म पुर्‍याइएको छ । तर वर्षायाममा आवतजावत बन्द हुन्छ । यस क्षेत्रका वासिन्दाले भोग्दै आएको खानेपानी, स्वास्थ्य र बाटो-बिजुलीको समस्या विस्तारै पुरा गर्ने नगरपालिकाले जनाएको छ । ।

यसैगरी लहान नगरपालिकाको वडा नम्बर १५, १६, १७ र २४ का डाँडाटोल, बेतहा, भसुवा, भमरे, बर्दमारलगायतका गाउँहरू चुरेक्षेत्रमै छन् । ती विकट गाउँहरूमा पनि खानेपानी, बिजुली र बाटोको समस्या छन् । बाटो नपुगेका बेतहा गाउँमा नगरपालिकाले चालु आवमा १० लाख बजेट छुटयाइएको वडा अध्यक्ष तेजनारायण चौधरीले जानकारी गराए । लहान नगरपालिकाको १६ नम्बर वडाको चुरे क्षेत्रका आरिदमार, बरदमार, आहाले, भसुवा, भमरे बिजुली विहीन छन् ।

## हत्यामा दोषी...

प्रहरीले विजय रामसहित ७ जनालाई ईलाका प्रहरी कार्यालय गरूडाले पत्राउ गरेको थियो । हिरासतमा रहेका रामलाई प्रहरीले चरम यातना दिएकै कारण मृत्यु भएको भन्दै । उक्त घटनामा संलग्न रहेका एक प्रहरी निरीक्षक र दुई हबलदारलाई निलम्बन गरिएको छ ।

हत्या भएका निरञ्जन राम र एक महिलाको परिवारलाई समेत राहत स्वरूप आर्थिक सहयोग गर्ने मन्त्री यादवले आश्वासन दिए । मृतक विजय रामका परिवारलाई ५ लाख आर्थिक सहयोगको घोषणा प्रदेश २ सरकारले गरिसकेको छ ।


**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**



**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**


## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा* **मन्तोरियाको कथा** ...

# छोरी नै छोरी पाएपछि



विहान झुल्को घाम हुनासाथ एकछिन गुजारा कसरी चलाउने ? छोराको भविष्य के हुन्छ ? भन्ने बारे सोचमग्न हुन्छिन् उनी । अनि, हातमा बेल्चा र जाली लिएर बालुवा गिट्टी चाल्न खुट्टि खोलातिर लाग्छिन् । उनी हुन्, लहान नगरपालिका–२४ गोविन्दपुरकी ३६ वर्षीया मनतोरिया यादव । उनीसँगै ४ वर्षीय छोरा सोमना पनि खोलामै दिन बिताउँछन् । दिनभरी गिट्टी, बालुवा चाल्छन् । आम्दानी भएको पैसाले खानेकुरा जोहो गर्छिन । बस्नलाई उनको घर छैन् । खोलाकै डिल र अरूको घरमा साहारा मागेर रात जसोतसो कटाउँछिन् ।

उनले यत्रो दु:ख पाउनुको कारण हो, बिहेपछि छोरी नै छोरी पाउनु । बाबुआमाले सानै उमेरमा उनको बिहे नजिकैको छिमेकी गाउँ गोविन्दपुरकै पनेलाल यादवसँग गरिदिए । छोरा पाउने आसमा बालबच्चा जन्माउँदै गइन । चौथौँ सन्तानसम्म उनले छोरी नै पाइन । त्यसमध्ये दुई वटा त बालखैमा बिते । उनको छोरीहरु कुसुम र सुविया जीवित छन् । बुबा पनेलालसँग बस्छन् ।

त्यसपछि छोरा नजन्माएको भन्दै पतिबाट उनले दिनहुँ गालीगलौज सुन्नुपर्ने भयो । अनेकौँ हिंसा सहीन । पनेलालले अर्को बिहे गरे । दु:ख दिनथालेपछि उनी छोरीलाई पनि छाडेर घर त्याग्न विवश भइन् । गाउँघरमा काम गरेर जसोतसो गुजारा चलाउँन थालिन् । 'छोरीलाई जन्मदिनु अपराध हो, जस्तो लाग्छ,' उनले भनिन, 'यसमा मेरो के गल्ती छ । जसको म सजाय पाइरहेको छु ।'

पाँच वर्षअघि मनतोरियाले अटोरिक्सा चालक महेन्द्र यादवसँग अर्को बिहे गरे । महेन्द्रको उनी दोस्रो पत्नी हुन् । महेन्द्रको पनि पहिलो पत्नी बितेको वर्षौ भएको थियो । महेन्द्रको जेठी पट्टिको छोराबुहारी र छोरीहरु छन् । नयाँ घरजम त गरिन तर त्यहाँपनि मनतोरियाले सुख पाइनन् । महेन्द्रले उनलाई लिएर घरभाडामा लिएर लहान बजारमा बस्न थाले । त्यसपछि महेन्द्रपट्टि मनतोरियाले एक छोरा पाइन् **'सोमना'** ।

सुख, दु:खजिलो गरेर बाँच्न थालेकी उनको जीवनमा अर्को पीडा थपियो । महेन्द्रको एक वर्ष अगाडि मृत्यु भयो । उनी फेरी एक्लै भइन् । फेरिपनि सौतेला छोराहरूको हेलामा परिन् । उनलाई साहारा दिने कोही भएनन् । सबैतिरबाट दु:ख पाउन थालेपछि ४ वर्षीय छोरा सोमनालाई लिएर खुट्टि खोलामा गिट्टी, बालुवा चाल्ने काम गर्न थालेको उनले सुनाईन् ।

'गिट्टी, बालुवा चालेर जोडेको पैसा पनि कहिलेकाँही सौतेला छोरा आएर लग्छन् तर, घरमा बस्न दिएको छैन,' उनले भनिन, 'खोलामा पनि कहिलेकाँही आफुँ साँझ घर फर्केपछि गिट्टी, बालुवा ट्याक्टरबालाहरूले त्यतिकै चोरेर लग्छन् । सबैतिरबाट हेला नै हेला पाए ।' छोराको जन्मदर्ता छैन् न उनको नागरिकता । छोराको भविष्यबारे चिन्ता बढेको उनले बताइन् । बिरामी पर्दा टोलछिमेकका मान्छेसँग मागेर उपचार गराउने गरेको उनले सुनाईन् ।

'पढ्ने उमेरको छोरा हुँदैछ । जन्मदर्ता बनाइदिने कोही छैन्,' उनले भनिन, 'आफ्नो विवाह दर्ता छैन् । नागरिकता बनाउन सकेको छैन् ।' आफुलाई गाउँलेहरूले 'पागल' भनेर गिज्याउने गरेको उनले दु:खेसो पोखिन् ।

# स्थानीय सरकारका कार्य

## पालिका बहस

**सोमलाल सुवेदी**

नेपालको संविधानले संघीय शासन प्रणाली अंगीकार गरेको छ । संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहलाई एकल र साझा अधिकारको व्यवस्था भई तीनै तह क्रियाशील छन् । निर्वाचित जनप्रतिनिधिहरूको माध्यमबाट लोकतान्त्रिक पद्धति अभ्यासमा छ । संविधानको अनुसूची ५ देखि ९ सम्मका तहगत एकल र साझा अधिकारहरु बुझ्न र कार्यसम्पादनमा सहयोग पुऱ्याउन नेपाल सरकारले २०७३ माघ १८ गते कार्यविस्तृतीकरण स्वीकृत गरी कार्यान्वयनकै क्रममा रहेको छ ।

कार्यविस्तृतीकरणले संघलाई ८७३, प्रदेशलाई ५६७ र स्थानीय तहलाई ३५५ वटा कार्यहरु तोकेको छ । यी कार्यमध्ये क्षमताअनुसार प्राथमिकताका आधारमा कार्य सम्पादन गर्नु औचित्यपूर्ण भए पनि तदर्थ ढंगबाट कार्यहरु सम्पादन भइरहेको देखिन्छ ।

लामो छलफल र ठूलो खर्चबाट संघीयता ल्याइएको हो । यसको प्राविधिक पक्ष र जनशक्ति व्यवस्थापनभन्दा राजनीतिक कार्यसूचीका रूपमा संघीयता अघि बढेको हो । सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले नियाल्दा संघीयता बनाउनभन्दा चलाउन कठिन हुन्छ । हाम्रो सन्दर्भमा राजनीतिक संक्रमण र प्रशासनिक संकुचनबाट बाँकी रहेका तथा बढ्दो आकांक्षा चुलिँदा संघीयतालाई दोष देखाउने प्रयासका अभिव्यक्ति आउन थालेका छन्। कुनै पनि व्यवस्था फेरेर मात्र व्यवहार फेरिँदैन । सामाजिक संस्कार निर्देशित व्यवहारलाई ढाँचाले निर्देशित गर्न सहज नहुने भएकाले शासकीय प्रवृत्ति संघीयताअनुकूल हुन जरूरी छ । केन्द्रले धेरै दिनुपऱ्यो भन्ने र प्रदेश तथा स्थानीय तहले धेरै अधिकार लिन हौसिनेभन्दा पनि संविधानले निर्देशित गरेको अन्तरसरकारी सम्बन्धको ढाँचाअनुरूप तीनै तह सकारात्मक, सक्रिय, सहयोगी र जवाफदेही हुनुपर्ने अपेक्षा संघीयताले राखेको हुन्छ । राज्य पुनर्संरचना भएअनुरूप व्यवहारमा परिवर्तन आउन समय लाग्ने नै हुँदा संघीयतालाई अहिल्यै टीकाटिप्पणी गर्नु हतारो हुन्छ । तसर्थ सरोकारवाला सबै पक्षले संविधानको मर्मबमोजिम काम गर्नु-गराउनु अहिलेको सर्वाधिक महत्वको कार्य हो ।

निर्वाचित स्थानीय तहले आ ँ नो काम आरम्भ गरिसकेका छन् । राम्रा र कमजोरी पक्ष सँगै आउनु स्वाभाविकै हो । यसै सिलसिलामा गत मंसिरमा गण्डकी प्रदेशका नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष र जिल्ला समन्वय समितिका संयोजकहरूलाई स्थानीय तहले गरेका प्रमुख ५ वटा काम लेख्न अनुरोध गरी फाराम वितरण गरिएको थियो । ४५ जना स्थानीय तहका प्रतिनिधिहरूले उल्लेख गरेका उत्तरका आधारमा उक्त प्रदेशका स्थानीय तहले गरेका कार्यहरु यस प्रकार पाइयो ।

कार्यालय व्यवस्थापन र वडा कार्यालयहरूमा इन्टरनेट व्यवस्था (११), सडक निर्माण, सुधार र मापदण्ड (२६), केन्द्रदेखि वडा कार्यालयसम्म कच्ची बाटो (२), स्वास्थ्य चौकी वा वर्थिङ सेक्टर कार्यक्रम (८), सबै घरधुरीमा विद्युतीकरण र पोल व्यवस्था (२) वृद्ध पार्क निर्माण, स्थानीय सरकारको नीति र कार्यक्रम बनाई कार्यान्वयन विकास निर्माणको अनुगमनपछि बजेट विनियोजन, टीएलओबाट माग भएबमोजिम योजनाको प्राथमिकता, विकासमा जनसहभागिता ६० र ४० प्रतिशतको नीति ल्याइयो ।

न्यायिक समिति गठन गरी कार्यारम्भ (२), गाउँपालिका केन्द्रको जग्गा व्यवस्थापन, दुइटा प्राथमिक विद्यालय स्वीकृति र सञ्चालन, सामुदायिक स्वास्थ्य एकाइको स्थापना (३), पूर्वाधार विकास प्रयास ४), कृषि पशु विकास र स्वरोजगारमा अनुदान, गाउँपालिकाको एकीकृत गुरूयोजना निर्माण, सबै वडामा व्यक्तिगत घटना दर्ता र कम्प्युटर बिलिङि, घरधुरी नम्बरिङ गरिएको, विभिन्न ऐनकानुन पारित (९), फोहरमैला व्यवस्थापन र पूर्वाधार ५), कृषि, पर्यटन र शिक्षामा बजेट विनियोजन, पुरानो दरबारमा जाने सिँढी निर्माण, सहरी सडक कालोपत्रे र सडक बत्ती व्यवस्था ।

त्यस्तै घर नक्सा मापदण्ड स्वीकृत, तरकारी उत्पादन कार्यक्रम (३), कार्यालयमा नेटवर्क जडान, एक गाउँ एक उत्पादन कार्यक्रम (३), एक बस्ती एक एकीकृत भवन र खेल मैदान, कृषि आधुनिकीरणको सहकार्य, शिक्षक दरबन्दी व्यवस्था र विद्यालयको अनुगमन, कार्यजिम्मेवारी बाँडफाँट, मेलमिलाप गराएको, प्राकृतिक स्रोत र व्यवसायमा कर उठाएको, बजेट सीमा व्यवस्था, संघसंस्था समन्वय, नगरपालिका क्षेत्रभित्र उत्पादन क्षेत्र पहिचान, तत्कालीन, दीर्घकालीन र मध्यकालीन योजना निर्माण, छाडा चौपाया व्यवस्थापन, बजार अनुगमन र बजार व्यवस्थापन, एक घर एक खानेपानी धारा कार्यक्रम र सात सय घरमा धारा जडान, फलफूलका बिरूवा रोपेको, प्राविधिक शिक्षा तथा सीपमूलक तालिम कार्यक्रम कार्यान्वयन आरम्भ (७), गाउँपालिकाका सबै माध्यमिक विद्यालयमा इन्टरनेटसहित प्राविधिक शिक्षा सुरूआत, औषधी खरिद तथा मिर्गौला रोगीलाई एक लाख व्यवस्था, सशस्त्र प्रहरी बस्ने कार्यालय व्यवस्था, जनताका अपेक्षा संकलन, शैक्षिक सुधार (३), सामुदायिक भवन निर्माण, बालविवाह रोक्ने प्रयास, खरका छाना भएका गरिब परिवारलाई टिनका छाना कार्यक्रम, पशुपक्षीपालक किसानलाई अनुदान, माटो परीक्षण सेवा व्यवस्था, शैक्षिक सामग्री व्यवस्थापन, नाली निर्माण, कृषि तथा पशुजन्य उत्पादन संकलन केन्द्र तथा भण्डारण केन्द्र निर्माण, वडाहरूमा घुम्ती स्वास्थ्य शिविर, जिल्ला समन्वय समितिबाट अनुगमन आरम्भ, लागत तयार गरी निर्माण र अनुगमनपछि भुक्तानी दिने पद्धति अवलम्बन, कृषि तथा पशुपालनका लागि युवा स्वरोजगार कोष स्थापना, व्यावसायिक एवोकाडो खेती सुरू, सांस्कृतिक संग्रहालय निर्माण, भूकम्प पीडितलाई निजी आवास बनाउन प्रतिघरधुरी एक लाख रूपैयाँ सापटी ।

यस्तै थप कार्यहरूमा छात्रवृत्ति प्रदान, करार शिक्षक, नियुक्ति



कार्यविधि तयार, प्लास्टिक र नाइलनजन्य खादा निषेध कार्यान्वयन, सुत्केरी महिलालाई एक हजारका दरले पोषण भत्ता वितरण, गाउँपालिका वडा कार्यालय र सबै सामुदायिक विद्यालयमा विद्युतीय हाजिरी व्यवस्था (२), बालमैत्री स्थानीय शासन घोषणा (२), विद्यालयमा दिवाखाजा सुरूआत (२), प्रत्येक वडामा सीपमूलक तालिम, नगरपालिकाको विपद् जोखिम न्यूनीकरण योजना तयार, मोबाइल टावर व्यवस्था (२), गाउँपालिकाको भवन निर्माण, माध्यमिक विद्यालयमा गुणस्तर सुधारका लागि पच्चीसबुँदे घोषणा जारी, बीसबर्से रणनीतिक योजना निर्माण, जनता आवास कार्यक्रम (२), विकास निर्माणको प्राथमिकीकरण (बाटो, कृषि र पशुपालन), बसपार्क निर्माण (२), नगरचक्रपथ र भ्युटावर निर्माण आरम्भ, दुई हजार लिटर भैंसीको दूध संकलन र बजार व्यवस्था, डोजर खरिद (एक नपाद्वारा), नगर शिक्षा योजना र कार्यान्वयन, तीन सय परिवारको निःशुल्क स्वास्थ्य बिमा, क्षमता अभिवृद्धि तालिम, गाउँ पार्श्वचित्र र पर्यटन गुरूयोजना तयार आदि रहेका छन् । माथि उल्लिखित कार्यहरु हेर्दा समग्र शासन र विकासका कार्यहरु तथा सामाजिक सुरक्षाका कार्यक्रम अघि बढेको देखिन्छ ।

पाँचवटा मुख्य कार्य मागिएकोमा त यति धेरै खुद्रे प्रकारका काम उल्लेख भईआए भने समग्र कार्यहरु विश्लेषण गर्ने हो भने अझ सजीव चित्र आउन सक्छ । यी कामलाई आधार मान्दा हाम्रो राज्य प्रणाली सुरू भएदेखिका, हुन नसकेका र बाँकी काम, संघीयता आउनुअघि हुन नसकेका काम र हालका अपेक्षा सबै समेट्ने प्रयास भएको बुझ्न सकिन्छ ।

अर्को शब्दमा भन्नुपर्दा हाम्रा स्थानीय तहले गर्भदेखि चितासम्म जुनसुकै काम पनि गर्न अघि सर्ने प्रवृत्ति रहेछ । संविधानले दिएका एकल अधिकार, साझा अधिकार तथा कार्य विस्तृतीकरणले तोकेका अधिकारको सीमाको हेक्का राखेजस्तो लागेन । अर्कोतर्फ विभिन्न गुरूयोजना, मापदण्ड र कानुन निर्माणमा संघीय र प्रादेशिक क्षेत्राधिकार र समन्वयको मात्रा, परिणाम र खर्चका आधारलाई छुट्टै अध्ययन गर्नु श्रेयस्कर हुनेछ ।

साझा अधिकारका नयाँ संरचना खडा गर्दा सिर्जना हुने दायित्व, विभिन्न नियुक्तिका योग्यता परीक्षण र योग्यतम व्यक्ति छनोट, सामाजिक सुरक्षाको दोहोरो–तेहेरो अवस्था र भावी तहगत दायित्वको आर्थिक बोझ सन्तुलन र नियन्त्रणका आयामलाई सबै तहले गम्भीरतापूर्वक सोचेर उपयुक्त ढंगले व्यवस्थापन गर्नु औचित्यपूर्ण हुनेछ । सुरू गरिएका राम्रा कामको सालबसाली दायित्व र थपिँदै जाने दायित्व कसरी व्यवस्थापन गरिएला । विभिन्न क्षेत्रमा वितरीत अनुदानबाट उत्पादन र रोजगार सिर्जना एवं सोको अनुगमन मूल्यांकन प्रणाली कसरी अघि बढाइएला भन्ने यक्षप्रश्नहरूलाई निप्टारा गर्दै अघि बढिएन भने 'अति लोकप्रियताको चपेटा' मा स्थानीय तह मात्रै होइन, माथिल्ला तहहरु पनि पर्दै जानेछन् । यसैगरि वितरित सेवाहरूको गुणस्तर निरन्तरताबाट तदर्थ ढंगले सिर्जित दायित्व नियमित दायित्वमा पर्न जाँदा प्राथमिकता छाडी वितरणमुखी कार्यक्रममा निर्वाचित जनप्रतिनिधिहरूको ध्यान जानैपर्ने बाध्यतात्मक अवस्था आउन सक्छ । योजना, प्राथमिकता, प्राविधिक क्षमता, वित्तीय स्रोत व्यवस्था र दिगोपनालाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ ध्यान जानु अपरिहार्य छ । अन्यथा आगामी निर्वाचनमा राजनीतिक दलहरुबीच लोकप्रियताको प्रतिस्पर्धा बढ्न जानेछ । प्राविधिक र वित्तीय क्षमता विवेचना नगरी सबै तहबाट उत्पादनमूलकभन्दा वितरणमा बढी जोड हुन पुग्यो भने वित्तीय सन्तुलन कायम राख्न सजिलो हुने छैन ।

सुरूआती, दिन र जोसमा आएका कार्यक्रमलाई प्राथमिकीकरण र दिगोपनाका आधारमा संघ, प्रदेश र स्थानीय तहले व्यवस्थापन गर्नुपर्छ । जनताका असीमित चाहना, सीमित स्रोतले पूरा गर्न सकिँदैन । योजना कार्यान्वयन सुनिश्चितता र प्रतिफलको समावेशी एवं न्यायोचित वितरणबाट जनताका चाहना क्रमशः पूरा गर्दै जाने रणनीति अवलम्बन गर्नु उचित हुनेछ । संघीयतामा विभिन्न कोणबाट प्रश्न उठाउने जमर्को भएको प्रतीत भइरहेको अवस्थामा संघ, प्रदेश र स्थानीय गरी तीन तहले सुमधुर अन्तरसरकारी सम्बन्ध स्थापित गरी सकारात्मक सहकार्य गरेर संघीयता कार्यान्वयन गर्न सके संविधानको अभीष्ट पूरा हुनेछ ।

स्थानीय तह लोकतन्त्रका आधारभूत जग हुँदै आधारभूत सेवा प्रवाहका अग्रस्थानका लोकप्रिय विन्दु बन्ने छन् । विगतमा स्थानीय निकायका संघ, महासंघहरूले केन्द्रमा नीतिगत दबाब र स्थानीय तहमा गुणस्तर तथा योजना प्रणालीमा सघाउ पुऱ्याउने प्रयास गरेका थिए । त्यस्तो भूमिका अहिले पनि उत्तिकै महत्वपूर्ण छ । जिल्ला समन्वय समितिले अनुगमन र समन्वय गरी सहजीकरण गर्न तदारूकता देखाएमा फलदायी हुने अपेक्षा राख्न सकिन्छ । यसैगरी स्थानीय तहले एकैचोटी ठूला ओइरो लिनुभन्दा गुणस्तरीय र नतिजामूलक प्राथमिकता प्राप्त क्षेत्रमा ध्यान केन्द्रित गर्न सकेमा मात्र स्थानीय सरकारको विश्वास अभिवृद्धि हुँदै जानेछ ।

*अन्नपूर्ण पोस्टबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

धनगढीमाई नगरपालिका कार्यालय, सिरहा

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

हाल विश्वभरी फैलिरहेको कोरोना भाईरसबाट नेपाल उच्च जोखिममा रहेको विश्व स्वास्थ्य संगठनको प्रतिवेदन अनुसार कोरोना भाईरसबाट भइरहेको र हुन सक्ने सम्भावित जोखिमबाट बच्न कुनै किसिमको ठुलो सभा, जुलुश, मेला आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) कम पाकेको माछा, मासु नखाउँ । ङ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । च) कुहिएको खाने कुरा नखाउँ । छ) खानेकुरा धोई पखाली राम्रोसँग पकाएर खाउँ । ज) एक आपसमा अभिवादन गर्दा नमस्ते गर्दा हात नमिलाउँ । झ) एक आपसमा शारिरिक दुरी कायम राखौं । ञ) खोक्दा वा हाच्छु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ट) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । ठ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं ।

सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)